# गण्डकी प्रदेश सभा

# सार्वजनिक लेखा समिति

## उन्नाइसौं बैठक

## मिति २०८१ साल मंसिर १७ गते, सोमबार, विहान ११ बजे

## दैनिक कार्यसूची

१.सार्वजनिक लेखा समितिको १८ औं बैंठकमा प्रस्तुत प्रदेश सरकारका मन्त्रालय तथा निकायको बेरुजु फर्छ्यौट सम्बन्धि प्रगति विवरण मध्ये स्वास्थ मन्त्रालयको बेरुजु फछ्यौट्को प्रगति शुन्य देखिएको हुँदा सो सम्बन्धमा विभागिय मन्त्री सचिवको उपस्थितिमा छलफल गर्ने।

२.महालेखा परीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ र सार्वजनिक लेखा समितिबाट मन्त्रालयलाई दिएको निर्देशन कार्यान्वयनको अवस्था सम्बन्धमा  स्वास्थ मन्त्रालयका सचिवको उपस्थितिमा छलफल गर्ने।

३.महालेखा परीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ र सार्वजनिक लेखा समितिबाट मन्त्रालयलाई दिएको निर्देशन कार्यान्वयनको अवस्था सम्बन्धमा  उद्योग तथा पर्यटन मन्त्रालयका सचिवको उपस्थितिमा छलफल गर्ने।

४.महालेखा परीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ र सार्वजनिक लेखा समितिबाट मन्त्रालयलाई दिएको निर्देशन कार्यान्वयनको अवस्था सम्बन्धमा सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सचिवको उपस्थितिमा छलफल गर्ने।

***<u>अघिल्लो बैठकको संक्षिप्त कार्यबाहीको विवरण</u>***

१. सार्वजनिक लेखा समितिमा प्राप्त बेरुजु फछ्यौट सम्बन्धि प्रगति विवरण अन्तर्गत स्वास्थ्य मन्त्रालयको बेरुजु फछ्यौट शुन्य प्रतिशत देखिएको सन्दर्भमा विस्तृत छलफल गर्न स्वास्थ मन्त्रालयका विभागिय मन्त्री र लेखा उत्तरदायी अधिकृत सहित समितिको बैंठक बस्ने ।

२. सार्वजनिक लेखा समितिको आगामी बैठक तथा कार्यक्रमको मस्यौदा तयार गर्न सचिवालयलाई निर्देशन दिने ।

३. सार्वजनिक लेखा समितिको चक्लाबन्दी र होमस्टेको अनुगमन प्रतिवेदनमा समावेश गर्नुपर्ने थप विषयहरु सहितको राय सुझाव माननीय समिति सदस्यले सचिवालयमा उपलब्ध गराउने र प्राप्त राय/सुझाव समेटी सचिवालयले प्रतिवेदनको मस्यौदा तयार गर्ने ।

४. गण्डकी प्रदेश सम्बन्धी महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ साल मंसिर १७ गतेबाट सुरु गर्ने र मंसिर १७ गतेको बैंठकमा स्वास्थ मन्त्रालय, उद्योग तथा पर्यटन मन्त्रालय र सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको छलफल गर्ने ।

५.  गण्डकी प्रदेश सभा सदस्य विमला गौचन र माननीय सभामुखको ममतामयी आमा चित्र कुमारी धितालको निधनप्रति समवेदना प्रकट गरिएको ।